म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष:१६ अङ्क:- ८९ २०८१ फागुन ४ गते आइबार 16 February 2025, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-




## राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त भन्नुहुन्छ,

# सूचना दुरुपयोग गर्नेलाई दण्डित गर्छौं



राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेश आचार्य ।

समाज संवाददाता

हेटौँडा : राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा. सुरेश आचार्यले सूचनाको हकको दुरुपयोग हुने गरी गलत नियतले सूचना माग्नेलाई आयोगले निरुत्साहित गर्ने बताउनुभएको छ। सूचना माग्ने नागरिकको अधिकार भए पनि गलत नियत राखेर सूचना माग्नेलाई निरुत्साहित गर्दै प्राप्त सूचनाको दुरुपयोग गर्नेलाई दण्डित गर्ने गरी आयोगले काम गर्ने उहाँले बताउनुभयो ।

सूचनाको हकका लागि राष्ट्रिय अभियानले शनिबार हेटौँडामा आयोजना गरेको सूचनाको हकको व्यवहारिक कार्यान्वयनमा सरोकारवालाको भूमिका विषयक बहसलाई सम्बोधन गर्नुहुँदै प्रमुख आयुक्त आचार्यले भन्नुभयो, "हामी आयोगमा नियुक्त भएको २ महिना मात्रै भएको छ । यसबीचमा हामीले केही अध्ययन, परामर्श गरेका छौं। चालु आर्थिक वर्षको साउनदेखि मंसिर २६ गतेसम्म सूचना उपलब्ध गराउनका लागि ७ सय ८२ वटा पुनरावेदन आदेश गरिएकोमा ७० प्रतिशत भन्दा बढी पुनरावेदन १० जनाको नाममा रहेको थियो। १६० वटा पुनरावेदन त ४ जनाको नाममा मात्रै गर्नुपरेछ । यसरी एउटै मान्छेले यत्तिधेरै सूचना किन माग्छ ?"

समग्रमा हेर्दा १० जना अभियन्ताका विषयमा अध्ययन गर्नुपर्ने भएको उहाँको भनाइ छ । यत्तिधेरै सूचना माग्नेलाई भयंकर अभियन्ता भन्ने कि सूचनाको खेती गरिरहेको छ भन्ने भन्दै आचार्यले प्रश्न गर्नुभयो । वास्तविक अभियन्तालाई निरुत्साहित गर्न खोजेको नभई अभियन्ता बदनाम हुनुहुन्न भन्ने उद्देश्यसहित आयोगले काम गर्ने प्रमुख आयुक्त आचार्यले बताउनुभयो । सूचना माग्ने नाममा व्ल्याकमेलिङ भइरहेको छ भने कारवाही गर्ने उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो ।

आयोगले कस्ता कुरा सुनेर पुनरावेदन गर्ने भन्ने विषयमा गम्भीर रहेको बताउँदै उहाँले भन्नुभयो, 'एउटै व्यक्तिले एउटै शीर्षक बनाउँछ र एउटै प्रकृतिका सयौं संस्थालाई एकसाथ सूचना माग्छ ? एउटा जिल्लाको या एक भन्दा बढी जिल्लाका शिक्षण संस्थालाई ५० वटा निवेदन पठाउनुको औचित्य के छ ? प्रयोजन के हो ?' यस खालका अभियन्ताहरुसँग छलफल समेत गरेको जानकारी दिनुहुँदै आयोगले आगामी दिनमा हचुवामा पुनरावेदन नगरी पुनरावेदक र विपक्ष दुबैलाई बोलाएर इजलास चलाउने स्पष्ट पार्नुभयो । सूचना माग्यो भनेर खुरुखुरु पुनरावेदन गर्ने राष्ट्रिय सूचना आयोग नभएको उहाँले बताउनुभयो ।

आफू प्रमुख आयुक्त भइसकेपछि हेटौँडाकै एकजनाले बधाई दिन आयोगमै आएर भनेको कुरा स्मरण गर्नुहुँदै आचार्यले भन्नुभयो, 'पत्रकारिताका नाममा जिल्लामा जो व्यक्ति बदनाम छ तिनै व्यक्तिलाई आयोगले राष्ट्रपतिले सम्मान गर्छ तपाइँहरुको यो कस्तो आयोग हो ? भनेर प्रश्न गर्दा म पनि ३९ वर्ष पत्रकारिता गरेर आएको मान्छे मलाई पनि दुख लागेको छ । आयोगमा मलगायत तीनै जना पत्रकारिता क्षेत्रबाटै आएका छौं । पत्रकारितामा किन सूचना मागिन्छ भन्ने राम्रै जानकारी छ ।'

सूचना माग गर्ने कर्ता दलालका रुपमा बदनाम हुन नहुने उहाँले बताउनुभयो। सूचना माग्नेको व्यवहारका कारण सूचना दिने व्यक्ति नदिने अवस्थामा हुन नहुने उल्लेख गर्नुहुँदै अभियन्ताका अनावश्यक फाइल गनेर बस्ने आयोग नभएको र फाइल गन्ती गरेर अभियन्तालाई अबका दिनमा पुरस्कृत गरे पनि नबस्ने बताउनुभयो ।

'३९ वर्ष पत्रकारिता गरेर आएको हुँ। पत्रकारिताको धर्म बुझ्दछु। सूचनाको हकको पहिलो अभियन्ता नै मै हुँ। २०५६ सालमा नेपाल पत्रकार महासंघको सभापति हुँदै गर्दा पहिलो सूचनाको हकको पहिलो मस्यौदा मेरै नेतृत्वको महासंघले गरेको हो । त्यही मस्यौदामा टेकेर २०६४ मा कानुन बनेको छ।', प्रमुख आयुक्त आचार्यले भन्नुभयो, 'अभियन्ताको कुरा बुझ्दछु । किन दिइरहेको छैन पनि बुझ्दछु । किन लिन सक्नुभएको छैन पनि बुझ्दछु ।'

मधेश प्रदेशका एकजना अभियन्तालाई आयोगमै बोलाएर कुराकानी गरेको जानकारी दिनुहुँदै आचार्यले भन्नुभयो, 'संयोगले उहाँ पत्रकार हुनुहुँदो रहेछ । हरेक पालिकामा पर्सादेखि सप्तरीसम्मका पालिकामा एकै प्रकृतिका सूचना माग गर्नुभएको रहेछ। पुनरावेदन गर्ने क्रममा कसैलाई विपक्षी बनाउनुभयो, कसैलाई बनाउनुभएन । किन यसो गर्नुभयो भनेको कुरा मिल्यो छोडिदिएँ भन्नुभयो । कुरा मिलाउने अभियन्ता हो तपाइँ भन्यौं।' यो खालको सूचना माग्नेलाई सूचना दिन आयोग बनेको होइन भन्नुहुँदै गलत ढंगबाट सूचनाको हकको प्रयोग होस् र गलत ढंगबाट उठ्ने विषयलाई आयोगले संरक्षण गर्ने कुरा नहुने स्पष्ट पार्नुभयो ।

आयोगले अबका दिनमा पक्ष र विपक्षलाई बोलाएर सुन्ने र इजलासको प्रक्रियालाई अझ बढी प्रभावकारी बनाउने उहाँले जानकारी दिनुभयो। सूचना माग्ने र दिने दुबै पक्षलाई इजलासमा बोलाएर भावभंगीलाई समेत बुझेर गलत नियतले सूचना माग्नेलाई निरुत्साहित गर्ने र सूचनाको दुरुपयोग गर्ने र सूचना नदिने अधिकारीलाई दण्डित गर्ने, सूचना दिन आवश्यक अवस्थामा सूचना पाउने वातावरण बनाउने प्रमुख आयुक्त आचार्यले बताउनुभयो। केही समयअघि लुम्बिनी प्रदेशका मुख्यमन्त्रीसँग हवाई भाडाको सूचना माग गर्ने अयिभन्ताले मुख्यमन्त्री कार्यालयबाट प्राप्त सूचनाको समाचार बनेन। त्यही सूचनाको आधारमा अख्तियारले मुख्यमन्त्रीको कार्यालयलाई पत्र काटेको घटना उल्लेख गर्नुहुँदै सूचनाको दुरुपयोग हुन नहुने जीकिर गर्नुभयो । सूचना अभियन्ताहरुले मर्यादा कायम राख्नुपर्ने, व्यक्तिगत स्वार्थ भन्दा नागरिकको स्वार्थ हुनुपर्ने, नागरिकलाई सूचित र राज्यका लागि खबरदारी गर्नुपर्नेमा उहाँले जोड दिनुभएको छ ।

# परिवर्तनको संवाहक माओवादी नै हो : प्रचण्ड




समाज संवाददाता

बागमती : नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालले देश र जनताप्रति इमान्दार भएर परिवर्तनको संवाहक माओवादी नै हो भन्ने विषय प्रष्ट भएको बताउनुभएको छ । विगतमा माओवादीलाई अवमूल्यन गरेको नागरिकलाई महसुस भइरहेको उहाँले बताउनुभयो ।

मकवानपुरको बागमती गाउँपालिकामा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष प्रचण्डले माओवादीप्रतिको विश्वास ह्वात्तै बढेको पनि दावी गर्नुभयो। सरकारमा वा सरकारबाट हटेपछिको नागरिक संवाद, अन्तरक्रियाबाट नागरिकले जे भन्यो त्यही गर्ने माओवादी नै रहेछ भन्ने अवस्था निर्माण भएको उहाँले बताउनुभयो । नागरिकले देशभर नै एकपटक माओवादीलाई विश्वास गरेको अवस्था रहेको प्रचण्डले बताउनुभयो ।

'म गएको ठाउँमा नागरिकका लागि काम गर्ने माओवादी नै रहेछ भन्ने अवस्था बनेको छ । माओवादीप्रतिको विश्वास अलिअलि होइन धेरै नै बढेको छ', प्रचण्डले भन्नुभयो, 'बिचौलिया र भूमाफिया विरुद्ध अभियान चलाउँदा नागरिकहरुमा थोरै आशा पलाएको छ । सोही कारणले माओवादी केन्द्रको लोकप्रियता बढेको हो। माओवादीप्रतिको लोकप्रियतालाई हालै सम्पन्न पत्रकार महासंघको निर्वाचनले पनि प्रष्ट बनाएको छ । माओवादीका लागि यो अवसर पनि हो । यो अवसर सधै पाइन्न ।'

उहाँका अनुसार आफू तेस्रो पटक प्रधानमन्त्री बन्दै गर्दा नागरिकप्रति उत्तरदायी भएर काम गर्नुपर्छ भन्ने अठोट लिएर सरकारमा गएको हो। रेकर्ड कायम गर्ने, माओवादी प्रतिको हस्तक्षेप विरुद्ध केही गर्ने संकल्पका कारण भ्रष्ट्राचार विरुद्धका अभियानहरु संचालन गरिएको उहाँको भनाई छ। अध्यक्ष प्रचण्डले

माओवादी केन्द्र आगामी निर्वाचनमा कुनै पनि दलसँग गठबन्धन नगरी अघि बढ्ने तयारीमा रहेको जानकारी गराउनुभयो। आउने निर्वाचनमा जाँदा क्लिन स्विप गर्ने गरी तयारी गर्न उहाँले कार्यकर्तालाई निर्देशन दिनुभयो । सुशासनको दृष्टिकोणबाट ११ वटा स्थानीय तहमा माओवादी केन्द्रको राम्रो रहेको अध्यक्ष प्रचण्डको भनाई छ। पार्टीमा नागरिकको आस्था बढेकाले कमि-कमजोरीलाई सुधार गर्दै विगतमा हारेका क्षेत्रमा जित्ने अवस्था बनिरहेको उहाँले बताउनुभयो ।

# हेटौँडा उपमहानगरलाई बालमैत्री घोषणाको आलोचना

जमुना तामाङ

हेटौँडाः मकवानपुरको हेटौँडा उपमहानगरपालिकालाई बिहीबार बालमैत्री घोषणा घोषणा गरिएको छ । निर्धारित ५१ वटा सूचक पूरा भएको भन्दै पालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गरिएको हो । तर, हेटौँडाबासीले भने घोषणा गर्न आवश्यक तयारी नै नपुगी घोषणाका लागि मात्र बालमैत्री घोषणा गरिएको भन्दै आलोचना गरेका छन् ।

पछिल्लो ६ महिनामा हेटौँडा अस्पतालबाट २० वर्ष मुनिका एक सय २३ जना किशोरी आमा बनेका छन् । अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच नै नभएको अवस्थामा बालमैत्री घोषणा कसरी हुन्छ भन्दै आलोचना गरिएको हो। अपाङ्ग सरोकार केन्द्र मकवानपुरका अध्यक्ष गणेशचन्द्र दवाडीले सयौंको संख्यामा रहेका अपाङ्गता भएका बालबालिका अझै विद्यालय बाहिर रहेको अवस्थामा बालमैत्री घोषणालाई घोषणाको रुपमा मात्र लिएको बताउनुभयो ।

प्रयत्न नेपालकी अध्यक्ष सरिता लामिछानेले सबै विद्यालय अपाङ्गमैत्री नभएको र बिना अवरोध निर्धक्क भएर प्याडसमेत लगाउने अवस्था किशोरीलाई नभएको बताउनुभयो । यतिमात्र होइन, समावेशी शिक्षा प्रत्याभूति नभइरहेको अवस्थामा कसरी बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा भयो भन्दै प्रश्न गर्नुभयो। हेटौँडा-७ स्थित नवज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक विमल गौतमले बालमैत्री स्थानीय शासनयुक्त घोषणा भए पनि बालमैत्रीपूर्ण व्यवहारलाई कानुनी पक्ष सँगसँगै कार्यान्वयनमा ल्याउन जटिल रहेको बताउनुभयो। समाज र विद्यालयमा बालमैत्री व्यवहार नभएको केही घटना बाहिरिइरहेको अवस्थामा समाजमा चेतना फैलाउन जरुरी रहेको उहाँको भनाइ छ।

हेटौँडा उपमहानगर बालमैत्री घोषणा भइरहेको अवस्थामा हेटौंडा अस्पतालको लापरवाहीले मनहरीका २ महिने शिशुको बुधबार मृत्यु भएको छ। बाल सुरक्षाबारे कसैले आवाज नउठाएको भन्दै प्रतिनिधिसभा सदस्य दीपकबहादुर सिंहले घोषणा समारोहमै उपमहानगरलाई आवाज उठाउन आग्रह गर्नुभयो । घोषणा समारोहको अन्तिम समयसम्म बालबालिकालाई बस्ने समेत वातावरण नबनेको उहाँले उल्लेख गर्नुभयो। उहाँले बालमैत्री घोषणामा मात्र सीमित हुने त होइन भन्दै चिन्ता व्यक्त गर्नुभयो ।

हेटौँडा अस्पतालमा साउन महिनामा २६ जना, भदौमा १९ जना र असोजमा १२ जना, कात्तिकमा २३ जना, मंसिरमा २२ जना र पुसमा २१ जना २० वर्षभन्दा कम उमेरका किशोरी आमा बनेका छन्। गरिबी र अशिक्षाका कारण मकवानपुरका ग्रामीण क्षेत्रमा अझै बालविवाह नरोकिनुले किशोरीहरु आमा बन्ने क्रम जारी छ । यतिमात्र होइन, प्रविधिको बढ्दो दुरुपयोगले अनलाइनमा बालबालिकाहरु असुरक्षित बन्दै गइरहेका छन् ।

२०७९ सालको घरधुरी तथ्यांक संकलन सर्वेक्षणअनुसार हेटौंडा उपमहानगरपालिकामा १८ वर्ष मुनिका ५० हजार एक सय ९५ बालबालिका छन्। २६ हजार १ सय ४५ बालक र २४ हजार ५० बालिका रहेका छन्। तर, कति बालबालिका बालश्रममा संग्लन छन् र बालविवाहको यकिन तथ्यांकसमेत सार्वजनिक नगरी बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गरिनुले घोषणाका लागि मात्र गरेको आलोचना भएको हो । बालश्रमको अनुगमनका क्रममा उद्दार गरिएका बालश्रमिकको समेच उचित व्यवस्थापन गर्न सकिएको छैन ।

|| बिशेष आकर्षण ||



हेटौंडा आईडल

Construction Expo-2

निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौर मा दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१ हुन गईरहेको छ। सोही अवसरमा हेटौंडा आईडल गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संघको कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एकप्रति फोटो सहित २०८१ फागुन २ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ।

सम्पर्क :
निर्माण व्यवसायी संघ, मकवानपुर । हेटौंडा-४
सम्पर्क: ०५७-५२०८१६, ९८०६८०००८१ (दिपेश)

हेटौंडा आईडल

CONSTRUCTION EXPO-2

दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१

फगुन २०८१ फगुन ६ गतेदेखि १८ गतेसम्म

स्थान : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु

- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

## सम्पादकीय

# सहकारीमा अनियमितता

पछिल्लो समय सहकारीमा भएका अनियमितताका समाचारले व्यापकता पाइरहेको छ । उच्च पदस्थ व्यक्ति तथा ठूला व्यवसायीले पनि सहकारी अनियमितताको आरोप खेपिरहेका छन् । कतिपय सहकारीको अनियमितता छानविन गरी मुद्दासमेत चलाइएको छ । सहकारीमा अनियमितता गरेको आरोप लागेकाहरु केही अदालत धाइरहेका छन् भने केही बेपत्ता भएका छन् । सरकारले सहकारीको प्रभावकारी नियमन गर्न नसक्दा सहकारीमा समस्या देखिएको हो । समस्याग्रस्त सहकारीको उचित व्यवस्थापनमा पनि सरकारले प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन । सहकारी अनियमितताका आरोपित कतिपयलाई पक्राउ गर्नसमेत सरकार असफल भइरहेको छ । उता, समस्याग्रस्त सहकारीका बचतकर्ता भने आफ्नो बचत फिर्ता हुने हो कि होइन भन्ने चिन्तामा छन् । केही सहकारीका सञ्चालकले बेइमानी गर्दा त्यसका बचतकर्ता पीडित बनेका छन् अरु सहकारीप्रति पनि विश्वास कम हुन थालेको छ ।

विशेषगरी ठूलो आर्थिक कारोबार गरिरहेका सहकारीमा अनियमितता बढी देखिएको छ । बागमती प्रदेशमा पनि थुप्रै सहकारीमा समस्या देखिएको छ । सहकारीको बचत रकम जथाभावी खर्च गरेर सर्वसाधारणको बचत फिर्ता गर्न नसकेपछि सहकारी संस्थाहरु समस्यामा पर्ने गरेका छन् । बागमती प्रदेश सरकारले काठमाडौं उपत्यकाका ५ वटा सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरेको छ । सिभिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ, दर्शन बचत तथा ऋण सहकारी, सुमेरु सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ, नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी र लालीगुराँस बचत तथा ऋण सहकारी संस्था समस्याग्रस्त घोषणा भएका हुन् । प्रदेशभित्रका सहकारीहरुमा देखिएका समस्या समाधान गर्न प्रदेश सरकारले गत असारमा समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालय स्थापना गरेर काम गरिरहेको छ ।

बचतकर्ताको रकम अपचलन गरेको आशंकामा ८ सहकारी छानविन गर्न बागमती प्रदेश सरकारले प्रहरीलाई आग्रह गरेको छ । प्रदेशको सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गतको सहकारी महाशाखाले बचतकर्ताको रकम फिर्ता नगरेको भन्दै ८ सहकारी संस्थाको अनुसन्धानका लागि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा पठाएको हो । बतकर्ताहरुले उजुरीका आधारमा मञ्जुश्री बचत तथा ऋण सहकारी काठमाडौं, झिंगु समाज बचत तथा ऋण सहकारी भक्तपुर, मुकुल बचत तथा ऋण सहकारी बनेपा, डिलाइट बहुउद्देश्यीय सहकारी ललितपुर, नवजीवन बहुउद्देश्यीय सहकारी भक्तपुर, फलफूल बचत तथा ऋण सहकारी काठमाडौं, सिटी बचत तथा ऋण सहकारी ललितपुर र पशुपति बचत तथा ऋण सहकारी भक्तपुरको बारेमा अनुसन्धान गर्न सीआईबीलाई अनुरोध गरिएको छ । समस्या देखिएका ती सहकारीहरुलाई पटक-पटक छलफलमा बोलाउँदा उपस्थित नहुने, महाशाखाको निर्देशन अटेर गर्ने, बचत फिर्ता नगर्ने, बचत फिर्ताको कार्ययोजना पेश नगर्नेलगायतका गतिविधिका कारण अनुसन्धानका लागि सीआईबीमा पठाइएको महाशाखाले जनाएको छ ।

"एकको लागि सबै र सबैका लागि एक" भन्ने मुल भावनाबाट सञ्चालित सहकारीले न्यून आय भएका व्यक्तिको आर्थिक सबलीकरणमा सहयोग पुर्‍याउँदै आएको छ । तर, सहकारीमा टाढाबाढा सञ्चालक बनेर सर्वसाधारणको बचत अपचलन गर्ने क्रम बढेको छ । संघ, प्रदेश र स्थानीय तीनै तहको सरकारले सहकारीको नियमन गरिरहेको अए पनि सहकारीमा अनियमितता रोकिएको छैन । सहकारीमा रहेको बचतलाई नीति, नियम र सहकारीको मूल्य, मान्यताविपरित जथाभावी लगानी गरेपछि सहकारी संकटमा पर्नु स्वभाविक हो । राज्यका नियमनकारी निकायलाई अटेर गर्ने सहकारीको छानविन गरेर दोषीलाई कारबाही गर्नु राज्यको दायित्व हो । प्रहरीको सिआईबीले चाँडै निष्पक्ष र प्रभावकारी छानविन गरेर सर्वसाधारणको बचत फिर्ता गराउन सहयोग गर्नुपर्छ । अनियमिततामा संलग्नलाई कारबाही गर्न सकेमा अन्य सहकारीमा हुनसक्ने अनियमितता कम हुने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : ज्ञान र बुद्धिको उपयोगले लक्ष्य प्राप्ति होला । |
| वृष | : प्रतिद्वन्द्वीहरुसँग सजगता अपनाउँदा राम्रो । |
| मिथुन | : रहनसहनमा नै परिवर्तन आउने समय छ । |
| कर्कट | : आर्थिक पक्षमा क्रमशः सुधार रहने छ । |
| सिंह | : संयमताले अगाडि बढ्दा राम्रो रहने छ । |
| कन्या | : विश्वस्त व्यक्तिको भर नपर्दा राम्रो रहने छ । |
| तुला | : बढुवा वा पुरस्कार प्राप्त हुने समय योग छ । |
| वृश्चिक | : दायित्व र जिम्मेवारी थपिने समय छ । |
| धनु | : मान्यजन र वरिष्ठ व्यक्तिसँग निकटता बढ्ला । |
| मकर | : शरीरमा थकान र उत्साहमा कमी आउने छ । |
| कुम्भ | : रोमाञ्चकता र उत्कृष्ठाको समय योग छ । |
| मीन | : छटपटी र निराशाको अन्त्य हुने समय छ । |

# दिल्ली चुनावले दिएको राजनीतिक सन्देश...



✍ बिशभ अधिकारी

दिल्ली विधान सभाको निर्वाचनमा भारतीय जनता पार्टी (भाजपा) ले ४८ सिट सहित दुईतिहाई मत प्राप्त गरेको छ। प्रतिशतको हिसाबमा भारतीय जनता पार्टीले ७० मध्ये ४८ सिट जितेर ५२ प्रतिशत मत हासिल गरेको छ । नयाँ सरकार निर्माणको तयारीमा भारतीय जनता पार्टी रहेको छ। यो आलेख प्रकाशन हुनेबेलासम्म दिल्लीमा भारतीय जनता पार्टीको नेतृत्वमा नयाँ सरकार गठन हुन सक्छ। दिल्ली विधानसभा चुनाव २०२५ को नतिजाले नयाँ दिल्ली राजधानीको राजनीतिक परिदृश्यलाई पूर्णरूपमा परिवर्तन गरिदिएको छ । भारतीय जनता पार्टीले २७ वर्षपछि दिल्लीमा सरकार बनाउने मौका पाएको छ, जबकि आम आदमी पार्टी २२ सिटमा खुम्चियो ।

मत प्रतिशतको हिसाबले आम आदमी पार्टी ३८ प्रतिशतमा झरेको छ भने कांग्रेस यस पटक पनि शून्य सिटमै रोकियो । ७० सिट मध्ये ६७ सिटमा कांग्रेसको उम्मेदवारको जमानत जफत भएको छ। कांग्रेस प्रदेश अध्यक्ष देवेन्द्र यादव नै तेश्रो स्थानमा झरे । शिला दीक्षितको नेतृत्वमा करिब १५ वर्ष शासन गरेको कांग्रेस अहिले लज्जास्पद रुपमा पराजित भएको छ । आम आदमीको उदयसँगै कांग्रेसको पतन आरम्भ भएको थियो ।

दुई पटक दुईतिहाई मत ल्याउन सफल भएको आम आदमी पार्टी यसपटक भ्रष्ट्राचारको आरोपले नराम्रोसँग पछारियो । यो पराजयका पछाडि विभिन्न कारणहरु जिम्मेवार देखिन्छन् । विशेषगरी दिल्ली सरकारको शराब नीति काण्ड र केजरीवाल निवास नवीकरण विवादले जनताको विश्वास कमजोर बनायो । अर्को तिर भने प्रधानमन्त्री नरेन्द्र मोदीको प्रत्यक्ष संलग्नता सहितको चुनावी अभियान, हिन्दुत्वको मुद्दा र भारतीय जनता पार्टीको संगठित रणनीतिले पनि आम आदमीको पराजयलाई सुनिश्चित गर्‍यो । यसपटक आम आदमी पार्टीका शिर्ष नेताहरु नै पराजित भए । अरबिन्द केजरिवाल, मनिष सिसोदिया, सत्येन्द्र जैनदेखि अन्य प्रभावशाली मन्त्री भैसकेका नेताहरु समेत पराजित भए। जस्ले पार्टीको भविष्यप्रति गम्भीर प्रश्न खडा गरिदिएको छ ।

शिक्षा सुधारका लागि चर्चित मन्त्री अतिशी मार्लेना पनि आफ्नो निर्वाचन क्षेत्रबाट पराजित भइन । त्यस्तै, स्वास्थ्य मन्त्री सौरभ भारद्वाज, जो कोभिड-१९ महामारीका बेला निकै चर्चित थिए, आफ्नो क्षेत्रबाट चुनाव हार्न पुगे । ट्रान्सपोर्ट तथा ऊर्जा मन्त्री कैलाश गहलोत पनि पराजित भएका प्रमुख नेतामध्ये एक थिए। पूर्वमन्त्री तथा वरिष्ठ नेता गोपाल रायको हारले पनि आम आदमी भित्र गहिरो संकट निम्त्याएको छ। यी पराजयहरूलाई हेर्दा स्पष्ट देखिन्छ कि आम आदमी माथि जनताको विश्वास कमजोर भएको छ । बदलिँदो दिल्लीको राजनीतिक परिदृश्यले दिल्लीमा भविष्यमा ठूलो असर पार्ने देखिन्छ। भारतीय जनता पार्टीको जितपछि अब राजधानीमा केन्द्रीय सरकारको प्रभाव झन् बलियो हुनेछ । अर्कोतर्फ आम आदमी पार्टीका लागि यो पराजय आत्ममूल्यांकन गर्ने अवसर बनेको छ । पार्टीले अब संगठनको पुनर्संरचना र नयाँ रणनीति अवलम्बन नगरेमा उसको राजनीतिक भविष्य खतरामा पर्न सक्छ ।

आगामी लोकसभा चुनाव २०२९ लाई ध्यानमा राख्दै भारतीय जनता पार्टीले आफ्नो पकड अझ बलियो बनाउने रणनीति तयार गर्नेछ, जबकि आम आदमी पार्टीका लागि हराएको जनमत फिर्ता ल्याउनु सबैभन्दा ठूलो चुनौती हुनेछ । मध्यम वर्गमा केजरीवालको भ्रष्ट्राचार विरोधी अडानका कारण कुनै समय चुलिएको केजरिवाल प्रतिको आकर्षण एक दशकभन्दा बढी दिल्लीको सत्तामा रहेपछि घटेको छ। मध्यम वर्गको नेतृत्वमा भएको भ्रष्ट्राचार विरोधी आन्दोलनको नेतृत्व गरेका केजरीवालले गरिबको पार्टी बन्ने बाटो रोजेका थिए। गरिब र दिल्लीमा सङ्घर्षरत मजदुर वर्गले उनलाई कहिलेबाट साथ दिन छाडे भन्ने अझै प्रस्ट भएको छैन । भ्रष्ट्राचारको आरोप, प्रमुख नेताहरू जेल पर्ने क्रम र केजरीवाल स्वयंको गिरफ्तारीले आम आदमी पार्टीको अभियानलाई क्षति पुर्‍यायो । यहि मौकालाई भाजपाले तत्काल सदुपयोग गर्‍यो र सफल भयो । अहिले भ्रष्ट्राचार काण्डमा मुछिएर पराजित भएका केजरिवालको राजनीतिक उदय भ्रष्ट्राचार विरोधी आन्दोलनबाट प्रारम्भ भएको थियो ।

केजरीवाल र अन्ना हजारेको उदय भारतीय राजनीतिमा एक महत्वपूर्ण मोड थियो, जसले भ्रष्ट्राचार विरुद्ध ठूलो जनआन्दोलनको सुरुवात गरेका थिए। यो आन्दोलन २०११ देखि २०१२ को बीचमा चरमरुपमा थियो र यसले भारतीय राजनीतिलाई गहिरो प्रभाव पार्‍यो। अन्ना हजारेको नेतृत्व भ्रष्ट्राचार बिरोधी आन्दोलन अघि बढ्यो, अन्ना हजारे एक सामाजिक कार्यकर्ता र गान्धीवादी विचारधाराका व्यक्तिले भ्रष्ट्राचार विरुद्ध ठूलो आन्दोलन सुरु गरे । उनको मुख्य माग थियो कि भ्रष्ट्राचार रोक्न एक बलियो लोकपाल संस्था गठन गरियोस्। यो आन्दोलनलाई 'इन्डिया अगेन्स्ट करप्सन' नाम दिइयो र यसले देशभर व्यापक समर्थन प्राप्त गर्‍यो । अन्ना हजारेको आन्दोलनमा अरविन्द केजरीवाल, किरण बेदी, र अन्य धेरै सामाजिक कार्यकर्ताहरूले महत्वपूर्ण भूमिका खेले। यस आन्दोलनले जनताको बीचमा भ्रष्टाचार प्रति जागरूकता फैलायो र सरकारमा दबाब बनायो ।

अरविंद केजरीवाल, एक आईआर एस अधिकारी थिए, अन्ना हजारेको आन्दोलनमा एक प्रमुख नेताको रूपमा उभिए। उनले भ्रष्टाचार विरुद्ध लडाईमा महत्वपूर्ण भूमिका खेले। तर, आन्दोलनको बीचमा नै उनले महसुस गरे कि केवल सडकमा प्रदर्शन गरेर भ्रष्ट्राचार पूर्णरूपमा अन्त्य गर्न सकिँदैन । त्यसैले, उनले राजनीतिमा प्रवेश गर्ने निर्णय गरे। २०१२ मा अरविन्द केजरीवालले 'आम आदमी पार्टी' को स्थापना गरे । यस पार्टीको उद्देश्य साधारण नागरिकको हितको रक्षा गर्नु र भ्रष्ट्राचारमुक्त शासन प्रणाली स्थापना गर्नु थियो। आम आदमीले २०१३ को दिल्ली विधानसभा चुनावमा शानदार प्रदर्शन गर्‍यो र केजरीवाल दिल्लीका मुख्यमन्त्री बने ।

अन्ना हजारेको आन्दोलन र अरविन्द केजरीवालको राजनीतिक उदयले भारतीय राजनीतिमा एक नयाँ लहर सिर्जना गर्‍यो। यस आन्दोलनले न केवल भ्रष्ट्राचार विरुद्ध जनतालाई जागरूक गर्‍यो, तर यो पनि देखायो कि साधारण नागरिकले पनि राजनीतिमा परिवर्तन ल्याउन सक्छन् । आम आदमीको उदय एक नयाँ प्रकारको राजनीतिको प्रतीक बन्यो, जो जनताको प्रत्यक्ष समर्थनमा आधारित थियो । यस आन्दोलनले भारतीय राजनीतिमा पारदर्शिता र जवाफदेहीको मागलाई बलियो बनायो र यो देखायो कि जनताको आवाजलाई बेवास्ता गर्न सकिँदैन । यसरी अरविन्द केजरिवालले दुईपटक दुईतिहाई मत सहित दिल्ली सरकारको नेतृत्व गर्‍यो। दिल्लीको लोकप्रियता पञ्जाबसम्म पुग्यो। पञ्जाबको ११७ सदस्यीय विधानसभा चुनावमा आम आदमी पार्टीले ९२ सीट जितेर स्पष्ट बहुमत हासिल गर्‍यो । पञ्जाबमा हाल आम आदमी पार्टीको सरकार रहेको छ, जसका मुख्यमन्त्री भगवन्त मान हुन् । उनी १६ मार्च २०२२ मा पञ्जाबका १८औं मुख्यमन्त्री बनेका थिए । यसरी बिस्तारै बढ्दै गएको आम आदमीको लोकप्रियता पछिल्लो समय केजरिवालको कदमले जनतामा निराशा बढायो । केजरिवाल अत्यन्त महत्वाकांक्षी थिए। यिनले २०१४ मा मूख्यमन्त्री पदबाट राजिनामा दिएर लोकसभा चुनावमा नरेन्द्र मोदिसँग वाराणसीमा चुनाव लड्न पुगे, ठूलो अन्तरले पराजित भए । निर्वाचन हारपछि २०१५ मा फेरि दिल्ली फर्किएर विधानसभा निर्वाचनमा ऐतिहासिक बहूमत हासिल गर्दै दोश्रो पटक दिल्लीका मूख्यमन्त्री भएका थिए।

आम आदमी पार्टीलाई ठूलो घक्का लागेको छ। भ्रष्टाचार विरोधी आन्दोलनले स्थापित नेता अन्ततः त्यहि आरोपमा कमजोर भए। आम आदमी पार्टीको प्रभाव हाम्रोमा परेको थियो। नेपालमा आफूलाई वैकल्पिक शक्ति भन्नेहरू आम आदमी पार्टीसँग आफूलाई तूलना गर्थे। दिल्लीमा आम आदमी पार्टीको लोकप्रियता देखेर नेपालमा पनि वैकल्पिक शक्तिको चर्चा हुने गर्थ्यो ।

पछिल्लो समय सुशासन, भ्रष्ट्राचार मुक्त समाजको विषय उठान गरेर रबि लामिछाने राजनीतिमा आए। संयोग मान्नू पर्छ जसरी भ्रष्ट्राचारको नाराले केजरिवाला स्थापित भए त्यहि प्रकरणमा मुछिएर लज्जास्पद हार भयो । यहाँ रबि पनि भ्रष्ट्राचार र सहकारीको रकम अपचलनमा परेर कमजोर देखिएका छन्।

आखिर पुराना दलको विकल्प मात्र खोज्ने होईन नीति, विचार, आचरण सबैको विकल्प देखिनुपर्छ । नैतिक र ईमान्दार राजनीतिको अमूल्य निधि हो । जतिसुकै नयाँ भएर आए पनि भ्रष्टाचार र आर्थिक अनियमितताको खाडलमा भासियो भने त्यस्ले जनतालाई निराशा बाहेक केहि दिँदैन । केजरिवालले पछिल्लो समय लोकप्रियवादी नारा अगाडि सारे तर त्यो लामो समय टिकेन। दिल्लीको राजनीतिक घटनाक्रमबाट नेपालका नयाँ शक्ति भन्नेहरुले पाठ सिकुन। आखिर त्यतैको हावाले यहा छुने हो । जनताले नयाँ पुराना भन्दा पनि काम हेर्ने हो । ईमान्दारीपूर्वक काम गर्न सके स्थायी र टिकाउ हुन सकिन्छ। आगे जो विचार, अस्तू ॥

# के बर पिपल चौतारा मासेर मात्रै बिकास हुने हो त ?



✍ बिक्रम खतिवडा

हामीलाई हाम्रा अग्रजहरुले विरासतमा छोडेर गएका यस्ता बर्षौ पुराना अमुल्य सम्पदाहरुको विनास गरेर बहादुरी र आधुनिकता प्रदर्शन गरीराखेका छौ ।

पछिल्लो समयमा हाम्रो समाजमा रोप्ने भन्दा काटिने र मासिनेमा बर, पिपल, स्वामी लगाएतका रुखहरु पर्ने गरेका छन । नेपाली समाजमा परापुर्वकाल देखी धार्मीक, संस्कृतिक, सामाजिक एवं वातावरणीय तथा जैविक विविधता को अभिन्न अंग परमपरागत बर, पिपल, स्वामी लगाएतका रुखहरु तथा यिनै रुखको छाहारीमा बन्ने गरेका चौताराहरु एक पछि अर्को गर्दै काटिदै र मासिदै बिस्तारै लोपहुने अवस्थामा पुगेका छन । यो अवस्था पुग्दा समेत जिम्मेवार निकायहरु र समाजबाटै पनि संरक्षणमा चासो दिएको पाईन्न । गाँउघर, स्कुल, मठमन्दिर, सडकका छेउछाउमा बनाईएका चौताराहरुको धार्मिक एवं सास्कृतिकरुपमा पनि निकै महत्व रहेको पाईन्छ । बर, पिपल, स्वामी लगाएतका रुखहरुलाई हिन्दु र बौद्ध धर्ममा समेत पवित्र मान्दै विभिन्न चाडपर्वहरुमा विशेष पुजाआजा सहित विविध धार्मिक अनुष्ठानहरु समेत गरिने चलन रहिआएको छ । वातावरणीय हिसाबले पनि यि रुखहरुले गर्मी मौसममा सितल छायाँ प्रदान गरी तातक्रम नियन्त्रण गर्न मद्दत गर्न, अक्सिजन उत्पादन गर्दै वायु प्रदुषण कम गर्न र जैबिक बिबिधताको संरक्षण गर्दै विभिन्न चराचुरुंगी, जीवजन्तु, किरा फटयाङ्ग्रा लागी राम्रो बास स्थान हो। तर विकाशको नाममा पहिलो तारो यिनै रुखहरु र चौताराहरु पर्ने गरेको देखिन्छ। मानौं यिनै चौतारा र रुखहरुनै बिकाशका मुख्य बाधक हुन झै गरीदै छ। विभिन्न बाहानामा पहिले यिनै रुख काट्दै चौतारा मास्दै अनि मात्रै अन्य कामको सुरुवात गरीन्छ। तर कहिले कसैले यि धार्मीक आस्था, सभ्यता एवं वातावरणीय सन्तुलनको महत्व बोकेका वनस्पतिहरुको रक्षा गर्दै विकाशका कामलाई अघि बढाउन सकिन्छ भनेर सोचेको पाईन्न ।

बर, पिपल, स्वामी जस्ता रुखहरुको जरा गहिरो सम्म जाने हुनाले जमिनमुनिको पानीको मात्रा सन्तुलित राख्न निकै ठुलो भुमिका हुने गर्दछ । चौतारा तथा यस्ता ठुला रुखहरुको मुनि पानी जम्मा हुने भएकाले यस्ता क्षेत्रहरुमा पानीको स्रोतहरु लामो समय सम्म रहने गर्दछ। हिन्दु धर्म अनुसार बरको रुख कहिल्यै सुक्दैन भन्ने मान्यता रहिआएको पाईन्छ। त्यसैले यसलाई दिर्घायु र समृद्धिको प्रतिक समेत मान्दै आएको पाईन्छ। धार्मिक मान्यता अनुसार पीपलमा भगवान बिष्णुको वास हुने भएकाले हरेक शनिबार पीपलमा जल अर्पण गर्दा अशुभ प्रभाव हट्ने बलियो जनविश्वास रहेको समेत पाईन्छ। बर, पीपलको रुख रोपी चौतारा बनाईने तिनै बर, पीपललाई जोडि मानि बिवाह गराईदिने अनौठो चलनले समेत हिन्दु धर्म संस्कृतिले यि रुखहरुको पौराणीक महत्व समेत झल्काउने गर्दछ। हाम्रा पनीका श्रोतका छेउछाउ र हने ति रुखहरु संरक्षण गर्नकै लागी विभिन्न देवी देवताका प्रतिकरुपको रुपमा सम्झउने हाम्रो संस्कृति निकै वैभवशाली रहेको छ। धार्मीक एवं वातवरणीय हिसाबले समेत उत्तिकै महत्वपुर्ण बाह्रैमास हरियो हुने नेपालको तराई, मधेश, पहाडमा समेत पाईने स्वामीको रुखको पनि संरक्षणको पर्खाइमा रहेको छ । बहुउपयोगी यस्ता वनस्पति, हाम्रो अस्तित्व अनि भविष्य र वातावरणसंग प्रत्यक्ष जोडिएको वृक्ष संसार भर खोजि खोजि रोप्ने हुर्काउने र संरक्षण गर्ने गरिन्छ। तर हामीलाई हाम्रा अग्रजहरुले विरासतमा छोडेर गएका यस्ता बर्षौ पुराना अमुल्य सम्पदाहरुको विनास गरेर बहादुरी र आधुनिकता प्रदर्शन गरीराखेका छौ। हुर्कन मूस्किल पर्ने र यति ठुलो हुन बर्षौ लाग्ने बहुउपयोगी, औंषधिजन्य गुण धेरै भएका धार्मिक आस्था र सामाजिक महत्वसंग जोडिएको वनस्पति बर पिपल

...बाँकी पृष्ठ ३ मा

# संस्कृति ज्ञान परीक्षामा १० जनाको सत्प्रतिशत नतीजा



समाज संवाददाता

हेटौंडाः स्वामी विवेकानन्द संस्कृति ज्ञान परीक्षा-२०८१ शुक्रबार सम्पन्न भएको छ । ३० विद्यालयका करिब एक हजार जनाको सहभागितामा ज्ञान परीक्षा भएको हो । हिन्दु स्वयम्सेवक संघ नेपालले आयोजना गरेको प्रतियोगितात्मक संस्कृति ज्ञान परीक्षामा सहभागी १० जनाले सत्प्रतिशत नतीजा हासिल गरेका छन् । ५० प्रश्न सोधिएको परीक्षामा १० जनाले शतप्रतिशत मिलाएका थिए ।

१० जनाले सत्प्रतिशत नतीजा हासिल गरेसँगै आयोजकले गोलाप्रथाबाट प्रथम, द्वितीय र तृतीय घोषणा गरिएको थियो । सत्प्रतिशत नतीजा हासिल गर्ने मध्ये गोलाप्रथाबाट हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयका आर्यन जयसवाल प्रथम हुनुभएको छ । प्रतियोगितामा हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टका नितिशकुमार यादव द्वितीय हुनुभएको छ । १२ जनाले समान ४९ वटा प्रश्न मिलाएका थिए । गोलाप्रथाबाट यादव द्वितीय हुनुभएको हो ।

हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसका आयुष्मा भण्डारी तृतीय हुनुभएको हो । १० जनालाई सान्त्वना घोषणा गरिएको छ। प्रथम, द्वितीय, तृतीय हुने विद्यार्थीलाई क्रमशः १५ हजार, १० हजार र ७ हजार नगदसहित प्रमाणपत्र प्रदान गरिएको छ । सान्त्वना हुने १० जनालाई १ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको हो ।

कार्यक्रम हयग्रीव आचार्यको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा सञ्चालन भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उपप्रमुख बानियाँले हेटौंडा उपमहानगर पालिकाले प्राविधिक शिक्षामा जोड दिइरहेको बताउनुभयो। संस्कृति ज्ञान परीक्षाले विद्यार्थीमा संस्कारको विकास हुने भएकाले स्थानीय सरकार यस्ता कार्यमा सकारात्मक भएर लागीपर्ने उहाँले बताउनुभयो ।

## के बर पिपल...

स्वामी लगाएतका बिरुवा एउटा काट्नै परे पनी अको रोपेर काट्न पर्ने ठाउँमा जस्लाई मन लाग्यो उसैले काट्ने प्रवितिले गर्दा बिकाशको नाममा कतै बिनाश उन्मुख त भैराखेका छैनौं, हामी गम्भिर भएर सोच्ने बेला भएको छ ।

कंक्रिटका संरचनालाई मात्रै बिकाश मान्ने हाम्रो आधुनिक मानसिकता गर्दा समुदायमा हरेका पुराना नेपाली बस्तिहरुका अभिन्न अंग चौताराहरु समेत लोप हुने अबस्थामा पुगेको देखिन्छ। हाम्रा अग्रजहरुले बटुवालाई बिश्राम गर्ने, समाजिक बिषयमा छलफल गर्ने, मेलमिलाप गर्ने, बृद्धहरुको जमघट भै अनुभव साटासाट गर्ने, समुदायमा संदेश आदन प्रदानगर्ने मुख्य स्थान समेत रहेको चौताराहरु कतै बाटा फराकिला पार्ने नाममा त कतै आधुनिक कंक्रिटको संरचना बनाउने नाममा एक पछि अर्को गर्दै दिनहुँ मासिदै गर्दा निर्माणमा भने खासै चासो कतै बाट पनि भएको पाईन्न । महेन्द्र राजमार्ग छेउछाउ रहेका सयौंको संख्यामा रहेका यस्ता वनस्पतिसँगै चौताराहरु सडक बिस्ताको नाममा मासिदै छन भने अन्य क्षेत्रमा समेत ठुलो मात्रामा मासिदै छ । स्कुल, मन्दिर लगाएतमा रहेका यस्ता एतिहासिक महत्वका संरचनाहरु मसिदै गर्दा स्थानिय तहहरुले महत्वपुर्ण भुमिका खेल्न सक्ने हुँदा हुँदै पनि समन्धित पक्षले आबस्यक चासो दिन नसक्दा हामीलाई हाम्रा पुर्खाहरुले जोगाई राखिदिएको यस्ता सम्पदा हामीले हाम्रो भावि पिढिकालागी जोगाएर राख्न सक्छौ त ?

बर, पिपल, स्वमीका रुखहरु तथा चौताराहरु केवल प्रकितिक सम्पति मात्रै नभई हाम्रो संस्कृतिको पहिचान पनि हुन । ति संरक्षण गर्न समुदाय, शिक्षण संस्था, स्थानिय सरकार, तथा प्रत्येत नागरीक आ आफनो स्तरबाट योगदान दिन आबस्यक छ । समुहिक प्रयासबिना यि अमुल्य संम्पदा लोप हुने खतरा छ । संरक्षणका उपायहरु अवलम्बन गरी आउने पुस्ताको लागी पनि यी रुख तथा चौताराहरुलाई बचाउनु हामी सबैको जिम्मेवारी हो । त्यसैले 'आज रोपिएका यस्ता रुख हामीले निमार्ण गर्ने चौताराहरु भोलिका सन्तानको लागी आर्शिवाद हो ।' भन्ने कुरा सबैले बुझ्न आबस्यक छ ।

# माउन्ट एभरेष्ट बोर्डिङको अभिभावक दिवस

समाज संवाददाता

हेटौंडा : हेटौंडा-८, कमानेस्थित माउन्ट एभरेष्ट बोर्डिङ स्कूलको २८ औं वार्षिक उत्सव तथा अभिभावक दिवस मनाइएको छ । शुक्रबार विद्यार्थीले नृत्य, गायन, नाटक लगायत साँस्कृतिक कार्यक्रम गरेर दिवस मनाइएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपालबहादुर श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा स्कूलका प्राचार्य रामहरि रिमालले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै आगामी वर्ष विद्यालयलाई अझ उत्कृष्ट बनाउन लाग्ने प्रतिबद्धता जनाउनुभयो ।

वक्तृत्वकला, वादविवाद, चित्रकला, हाजिरीजवाफ, फुटबल, बास्केट बल र दौडजस्ता प्रतियोगिता विद्यालय आयोजना गर्दै आइरहेको उहाँले जानकारी दिनुभयो । यस्तै, स्वास्थ्य तथा सरसफाइ जागरुक अभियान सञ्चालन, वृक्षरोपण तथा वातावरण संरक्षण कार्यक्रम, धान रोपाइँबाट खेती किसानी पेशाको महत्व बुझ्ने अवसर प्रदान गरिएको उहाँको भनाइ छ । विज्ञान, प्रविधि, इन्जिनियरिङ, गणित विषयका शैक्षिक गतिविधि र योजनालाई प्राथमिकता दिइने, भाषिक दक्षता विकास कार्यक्रम अन्तर्गत अंग्रेजी, नेपाली, मातृभाषा र अन्य विदेशी भाषाहरु सिकाउने योजना रहेको प्राचार्य रिमालले जानकारी दिनुभयो ।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाको शिक्षा विकास महाशाखा प्रमुख हरिचन्द्र सापकोटा, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) मकवानपुरका अध्यक्ष विनोद सुवेदी, अभिभावक, शिक्षक, विद्यार्थीलगायतको उपस्थिति रहेको थियो ।

# पाण्डेको 'दुर्घटित जन्म'को विमोचन

समाज संवाददाता

हेटौंडाः साहित्यकार श्रीराम पाण्डेको कथा संग्रह 'दुर्घटित जन्म'को हेटौंडामा विमोचन गरिएको छ । शनिबार हेटौंडा-४, भैरवरोडस्थित किताबघरमा पाण्डेको कथासंग्रहको विमोचन तथा विमर्श गरिएको हो ।

विगत ५० वर्षदेखि साहित्य रचनामा लाग्नुभएका पाण्डेको 'दुर्घटित जन्म' पुस्तकको रुपमा चौथो तथा आख्यानको रुपमा पहिलो कृति हो । नेपाल प्रज्ञा प्रतिष्ठान काव्य विभागकी सदस्य एव्म मकवानपुकी साहित्यकार शान्ति प्रियवन्दनाले विमोचित कृतिको समीक्षात्मक टिप्पणी गर्नुभयो । कृतिमा समावेश भएका कथाहरु रचनाकालका दृष्टिले पूरानो भए पनि पछिल्लो समयका पाठकलाई कथाले आकर्षित गर्ने क्षमता राख्ने उहाँले बताउनुभयो। कथा संग्रहमा समावेश ३६ वटा कथामध्ये कतिपयमा विषयवस्तु पुनरावृत्ति भए पनि त्यसले पाठकमा सकारात्मक प्रभाव छाड्ने उहाँले जानकारी दिनुभयो ।

कवि साम्ब ढकालले कविता, निबन्ध तथा आख्यानमा उत्तिकै सशक्त ढङ्गले कलम चलाउने पाण्डे कृति प्रकाशनमा भने पछि परेको भन्दै चिन्ता व्यक्त गर्नुभएको छ । उहाँले पछिल्लो समय कृतिका रुपमा पाण्डेका रचनाहरु बाहिर आउनुलाई नेपाली साहित्यमा 'असल धातुको उत्खनन्' भएको आफूले महसुस गरेको बताउनुभयो ।

कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले तीसको दशकदेखि नै कथा लेखनमा सक्रिय पाण्डेको कथा लेखनको शैली उत्कृष्ट रहेको बताउनुभयो । साहित्यकार र मेशमोहन अधिकारीले नेपाली साहित्यका स्थापित कथाकारहरु जत्तिकै सशक्त लेखन भएर पनि पछि परिरहेको अवस्थामा पाण्डेका अन्य कृतिहरु प्रकाशित हुँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

# गैंडाको आक्रमणबाट एक जना घाईते

समाज संवाददाता

हेटौंडा : चितवन जिल्लाको माडी नगरपालिका-१, बडँवाटोलमा शुक्रबार गैंडाले आक्रमण गर्दा एक जना घाईते भएका छन् । घाईते हुनेमा माडी नगरपालिका-१, गर्दीका ५८ वर्षीय चित्रमणि महतो रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

खेतमा आएको गैंडालाई धपाउने क्रममा महतोलाई गैंडाले आक्रमण गरेको प्रहरीले जानकारी गराएको छ । गैंडाको आक्रमणबाट महतोको दाहिने कोखा र टाउकोमा चोट लागेको छ । महतोको स्थानीय बघौडा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## थानाभन्याङमा दुर्घटना

# एकको मृत्यु, एक गम्भीर घाइते

समाज संवाददाता

हेटौंडा : शुक्रबार साँझ पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-११, थानाभन्याङमा ट्रक र अटो ठोक्किएर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने एकजना गम्भीर घाइते भएका छन् । शुक्रबार साँझ ७ बजेर ५० मिनेटको समयमा हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको ना ४ ख २४९६ नम्बरको ट्रकले विपरित दिशाबाट आउँदै गरेको ना १ ह ८३०८ नम्बरको अटोलाई ठक्कर दिँदा मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-६, खयरघारीकी ३५ वर्षीया पूजा बम्जनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

दुर्घटनामा परी गम्भीर घाइते भएकी बम्जनलाई उपचारका लागि हेटौंडा-११, थानाभन्याङस्थित सीएमसी चुरेहिल हस्पिटल लगिएको थियो। बम्जनको शुक्रबार राती ९ बजेर २० मिनेटको समयमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । दुर्घटनामा परी अटो चालक हेटौंडा-१९, बासघारीका २५ वर्षीय राजु थिङको टाउकोमा चोट लागेर स्वास्थ्य अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । अटोमा सवार ११ वर्षीय अमृत घिसिङको अनुहारमा चोट लागेको र अवस्था मध्यम रहेको बताइएको छ । अमृत पूजाको छोरा भएको प्रहरीले जानकारी दिएको छ। प्रहरीले ट्रक चालक चितवन जिल्लाको राप्ती नगरपालिका-२, पिप्लेका ४८ वर्षीय कान्छा राईलाई नियन्त्रणमा लिएको छ ।

# हेटौंडा आइडलमा ३५ प्रतिस्पर्धी

समाज संवाददाता

हेटौंडा : निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा भएको हेटौंडा आइडलमा ३५ जना प्रतिस्पर्धी सहभागी भएका छन् । शनिबार हेटौंडामा भएको अडिसनमा प्रतियोगीले आफ्नो गायन कला प्रस्तुती गरेका थिए ।

संघको आयोजनामा यही फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा १० स्थित टिसिएन चौरमा हुने दोस्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव २०८१ को अवसरमा हेटौंडा आइडल आयोजना गरिएको हो । हेटौंडा आइडलको दोस्रो संस्करणको पहिलो चरणमा छनोटमा परेका १५ जना नवप्रतिभाले फागुन ७ गतेबाट स्टेज प्रस्तुती गर्ने गरी कार्यक्रम तय गरिएको छ। हेटौंडा आइडल २०८१ व्यवस्थापन उपसमितिका संयोजक टाकाराज थापाले हेटौंडा आइडलको ग्राण्ड फिनाली फागुन १७ गते हुने जानकारी दिनुभएको छ ।

निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेलले हेटौंडा आईडललाई ५१ हजार रुपैयाँ, फस्ट रनर-अपलाई २५ हजार रुपैयाँ र सेकेण्ड रनर-अपलाई १५ हजार रुपैयाँ तथा चौथो र पाँचौ स्थानमा रहने दुई जनालाई जनही पाँच हजार रुपियाँसहित पुरस्कृत गरिनेछ । गायकहरु कृष्णगोपाल महर्जन, सुनिता बुर्लाकोटी र ईश्वर खड्का हेटौंडा आइडलको निर्णायक रहनुभएको छ ।

# लामिछानेलाई गजल सम्मान, रुम्बालाई गजल पुरस्कार



समाज संवाददाता

हेटौंडाः गजल मञ्च मकवानपुरले संस्थाकी परिकल्पनाकार एवम् संस्थापक उपाध्यक्ष दुर्गा लामिछाने 'नमुना'लाई श्रीकृष्ण तालुमाया नमुना स्मृति गजल सम्मानबाट सम्मानित गरेको छ। शनिबार लामिछानेलाई ५ हजार रुपैयाँ नगदसहित सम्मानपत्रले सम्मानित गरिएको गजल मञ्च मकवानपुरका अध्यक्ष केशव सुवेदी समर्पणले जानकारी दिनुभयो ।

गजल क्षेत्रको संस्थागत विकाससँगै उन्नयन र प्रवर्द्धनमा भूमिका खेलेको भन्दै उहाँलाई सम्मान गरिएको उहाँले बताउनुभयो। माध्यमिक तहस्तरीय गजल प्रतियोगितामा हेटौंडा-१४, मयूरधापस्थित जनज्योति माध्यमिक विद्यालयका कक्षा-१० मा अध्ययनरत् निकेश रुम्बा सर्वोत्कृष्ट गजलकार घोषित हुनुभएको छ। सर्वोत्कृष्ट गजलकार रुम्बालाई मनमाया स्मृति गजल पुरस्कारबाट पुरस्कृत गरिएको छ । ५ हजार ५ सय ५५ रुपैयाँ नगदसहिद पुरस्कृत गरिएको उहाँले बताउनुभयो ।

शिक्षासेवी एवम् साहित्यसेवी भोला शिवाकोटीले श्रीकृष्ण तालुमाया नमुना स्मृति गजल सम्मान स्थापना गर्नुभएको हो भने मनमाया स्मृति गजल पुरस्कार गजल मञ्च मकवानपुरका पूर्वअध्यक्ष दीपक गौतमले स्थापना गर्नुभएको हो । प्रतियोगितामा मकवानपुरका विभिन्न विद्यालयका १४ जना विद्यार्थीले भाग लिएका थिए । १४ मध्येबाट उत्कृष्ट ७ गजल छनोट गरी वाचनका लागि निम्त्याइएको थियो । गजलकार सानु खनाल र भावना सापकोटाले निर्णायकको भूमिका निर्वाह गर्नुभयो ।

मञ्चका अध्यक्ष समर्पणको अध्यक्षतामा तथा अग्रज साहित्यकार तुल्सी घिमिरेको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । २२१ औं नियमित गजलयात्राको क्रममा गजलकार देवराज तिवारी, विश्वनाथ सञ्जेल, धर्मराज स्याङ्तान, भवानी तिमल्सिना, सञ्जीत श्रेष्ठले गजल वाचन गर्नुभयो। कार्यक्रममा मञ्चका पूर्वअध्यक्ष गौतम, सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिललगायतको उपस्थिति रहेको थियो ।

# अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीतिबारे अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीति-२०८० को प्रचारप्रसार तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ । बिहीबार बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपाल, युएनपीआरपीडी र युएनडीपीको संयुक्त आयोजनामा कार्यक्रम गरिएको हो ।

प्रयत्न नेपालकी अध्यक्ष सरिता लामिछानेले अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीतिबारे सहजीकरण गर्नुहुँदै नेपालको संविधानमा व्यवस्था गरिएका मौलिक हक र शिक्षा, स्वास्थ्य, रोजगारीमा पहुँच वृद्धिलगायतका लागि नीतिको आवश्यकता र औचित्य रहेको बताउनुभयो । उहाँले शिक्षा, रोजगारी, सामाजिक सहभागिता र आयआर्जनका अवसरमा समान पहुँच नहुनु, सामुदायिक सहायता सेवा कार्यक्रम सञ्चालनमा आउन नसक्नु, विभेद र असमान व्यवहारको अवस्था विद्यमान रहनुले समस्या भइरहेको उल्लेख गर्नुभयो ।

सूचना, सञ्चार तथा प्रविधिमा सहज पहुँच पुग्न नसक्नु, स्वास्थ्य, शिक्षा तथा सहायक सामग्रीको पहुँच पर्याप्त नहुनु, उपयुक्त पुनःस्थापना सेवाको पर्याप्त नहुनु र अपाङ्गता भएका व्यक्तिको लागि लक्षित कार्यक्रम पर्याप्त नहुनुजस्ता समस्या रहेको अध्यक्ष लामिछानेले जानकारी दिनुभयो। संघ, प्रदेश र स्थानीय तहमा अपाङ्गतामैत्री विषयलाई आन्तरिकीकरण, सामाजिक संरचना र सोचमा परिवर्तन निर्णायक भूमिकामा बढोत्तरी ल्याउनु आवश्यक रहेको उहाँले बताउनुभयो। कानुन बमोजिमका सुविधा दिने, पर्याप्त स्रोत साधनको व्यवस्था गर्ने र सामाजिक विभेद अन्त्य गर्नेजस्ता चुनौती रहेको उहाँको भनाइ छ ।

कार्यक्रममा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख अमृत अधिकारीले अपाङ्गतासम्बन्धी नीतिलाई प्रभावकारी ढंगले कार्यान्वयन पक्ष बलियो बनाउँदै लैजानुपर्ने बताउनुभयो। अपाङ्गता भएका व्यक्तिहरुले सम्मानित जीवनयापन गर्न पाउनुपर्ने जानकारी दिनुहुँदै उहाँले बागमती प्रदेशमा प्रादेशिक नीति तर्जुमा भई मन्त्रिपरिषद्मा पेश नभएको बताउनुभयो । जसले गर्दा अपाङ्गताका क्षेत्रमा काम गर्न केही समस्या भएको र प्रादेशिक नीति कार्यान्वनमा आएपछि बागमती प्रदेश सरकारले थप सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

अपाङ्ग सरोकार केन्द्र मकवानपुरका अध्यक्ष गणेशचन्द्र दवाडीले ५ वटा नीति र रणनीतिहरु कार्यान्वयनमा रहेको अवस्थामा कार्ययोजना बनेको भए कार्यान्वयन पक्ष सहज हुने बताउनुभयो। राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेशकी व्यवस्थापक सीता मल्ल ठकुरीले अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क शिक्षा तथा रोजगारीको सुनिश्चितता हुनुपर्ने बताउनुभयो। बौद्धिक अपाङ्ग महासंघकी उपाध्यक्ष श्रद्धा पौडेलको अध्यक्षता तथा महाशाखा प्रमुख अधिकारीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । बहिरा महिला संघकी सदस्य कञ्चन अधिकारी, राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेशका उपाध्यक्ष खेलबहादुर थापालगायतको उपस्थिति रहेको थियो ।

सूचना । सूचना । सूचना ।

मिति २०८१/१०/२४ गतेदेखि २०८१/१०/३० गतेसम्म भेडा, बाख्रामा लाग्ने महामारी पि पि आर रोग नियन्त्रण तथा रोकथामका लागि सप्ताहव्यापी खोप अभियान संचालन हुन गइरहेकाले आफ्ना भेडा बाख्राहरुलाई पि पि आर रोग विरुद्धको खोप लगाउन नजिकको पशु सेवा शाखामा सम्पर्क गर्नुहुन सबैमा अनुरोध छ ।

पि पि आर भेडा बाख्रामा विषाणुको कारणले लाग्ने महामारी रोग हो । यो रोग लागिसकेपछि संक्रमित पशुको मृत्युदर १०४ देखि ९०% सम्म हुने र ठुलो आर्थिक क्षति हुने भएकाले यस रोग बिरुद्ध खोप लगाई आफ्ना पशुधनलाई सुरक्षित गर्नु उचित हुनेछ ।

**नोट**: परिचयपत्र प्राप्त खोपकर्ताहरुबाट आफ्ना भेडा बाख्रालाई खोप लगाउनुहुन अनुरोध छ ।

थप जानकारीका लागि

पशु सेवा कार्यालय, मकवानपुर

९८५५०२७७२९, ९८४५६७४१८२

### सातौं संस्करणको बागमती गोल्डकप सुरू

# आयोजकलाई हराउँदै सर्लाहीको विजयी सुरुवात



*म्यान अफ द म्याच घोषित हुँदै ट्रफी र नगद १० हजार रूपैयाँ ग्रहण गर्दै विमल घिसिङ।*

**समाज संवाददाता**

बागमती (झुरझुरे) : मकवानपुरको बागमती गाउँपालिकामा सातौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिताको सुरु भएको छ । गाउँपालिका वडा-४, झुरझुरेस्थित सहिद स्मृति रङ्गशालामा शनिबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दहाल ‘प्रचण्ड’ ले गर्नुभएको भयो ।

प्रतियोगिताको उद्घाटन खेलमा सर्लाहीको बागमती युथ क्लबले विजयी सुरुवात गरेको छ। बागमती युथ क्लबले आयोजक बागमती गाउँपालिका खेलकुद विकास समितिलाई १-० गोलअन्तरले पराजित गरेको हो। बागमती युथ क्लबको जीतमा विमल घिसिङले निर्णायक गोल गरे। उनले खेलको ७६औं मिनेटमा उत्कृष्ट गोल प्रहार गरे। उद्घाटन खेलमा निर्णायक गोल गरेका विमल घिसिङ म्यान अफ द म्याच घोषित हुँदै ट्रफी र नगद १० हजार रूपैयाँ प्राप्त गरेका छन् ।

प्रतियोगितामा ७ वटा ‘ए’ डिभिजन क्लब र ३ वटा मोफसलका क्लबसहित १० टिमको सहभागिता रहेको छ । प्रतियोगिताका लागि गाउँपालिकाबाट २५ लाख रुपैयाँ सहयोग प्राप्त हुनेछ । ७४ लाख ७३ हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिताका लागि मकवानपुरको १० वटै पालिकाबाट, सिन्धुली जिल्लाको मरिण गाउँपालिका र हरिहरपुरगढी गाउँपालिकासँग पनि सहयोगका लागि पहल गरिएको बताइएको छ ।

प्रतियोगिता अन्तर्गत आइतबार सशस्त्र प्रहरी बलको एफपीएफ क्लब र हानामीबीच प्रतिस्पर्धा हुनेछ। गोल्डकपको उद्घाटन गर्नुहुँदै पूर्वप्रधानमन्त्री प्रचण्डले गाउँपालिकामा पूर्वाधारको दृष्टिकोणले विकास भएको बताउनुभयो । भौतिक पूर्वाधारको सन्दर्भमा बाटो लगायतको ठाउँहरूको विकास भएको अनुभूति आफुलाई भएको उहाँले बताउनुभयो । आफुलाई फुटबल खेलमा रूचि लाग्ने भएकोले यसको विकास गर्ने कामबाट पछि नपरेको उहाँले बताउनुभयो ।

# डुमरवान क्रिकेटमा मकवानपुर बन्यो उपविजेता




**समाज संवाददाता**

हेटौंडा : मधेश प्रदेशको बारा जिल्लामा भएको पाँचौं संस्करणको डुमरवान क्रिकेट प्रतियोगितामा मकवानपुर क्रिकेट एकेडेमी उपविजेता बनेको छ । शनिबार बाराको जीतपुर सिमरा उपमहानगरपालिकामा भएको फाइनल खेलमा कलैया क्रिकेट क्लबसँग पराजित हुँदै मकवानपुर उपविजेता बनेको हो। समूह चरणको २ खेलमा जित निकाल्दै फाइनलको यात्रा पूरा गरेको मकवानपुरलाई कलैया क्रिकेट क्लबले मकवानपुरलाई १ सय ८१ रन बनाउने लक्ष्य दिएको थियो ।

कलैयाको जितमा शेराज हवारीले सर्वाधिक ३६ रन बनाएका थिए। निखिल सिंहले ३१ रन बनाउँदा निरज यादवले २३ रन मात्र जोड्न सफल भएका थिए । कलैयाले दिएको १ सय ८१ रनको लक्ष्य पछ्याएको मकवानपुरले ९५ रन बनाउँदै सबै विकेट गुमाउनु परेको थियो । मकवानपुरका लागि शुंभ कंशाकारले सर्वाधिक ३८ रन बनाएका थिए। तक्षक सिम्खडाले १७ रन मात्र बनाएका थिए ।

प्रगतिशील युवा क्लबको आयोजनामा शनिबारबाट सुरु भएको प्रतियोगितामा मकवानपुरसहित ६ वटा टिमको सहभागिता रहेको मकवानपुर क्रिकेट संघका सचिव विनोदकुमार बानियाँले जानकारी दिनुभएको छ । प्रतियोगितामा गौर क्रिकेट क्लब, इस्टर्न क्रिकेट एकेडेमी, मकवानपुर क्रिकेट संघ, पर्सा क्रिकेट संघ, कलैया क्रिकेट क्लब र आयोजक प्रगतिशील युवा क्लबको सहभागिता रहेको उहाँले बताउनुभयो ।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख र प्रतियोगिताको उपविजेता टिम मकवानपुरले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने विजेताले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन्। गत वर्षको साविक विजेता समेत रहेको मकवानपुर यस वर्ष उपविजेता बन्न पुगेको छ ।

### सेभेन ए साइड फुटबल सुरू

# शनिबार ७ खेल सम्पन्न

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा सञ्चालन भइरहेको खेलकुद महोत्सव अन्तर्गत शनिबार नगरस्तरीय फुटबल प्रतियोगिता सुरु भएको छ। श्रमिक माध्यमिक विद्यालयको सहव्यवस्थापनमा सुरु भएको ७ ए साइड फुटबल प्रतियोगितामा हेटौंडा उपमहानगरभित्रका २१ विद्यालयको विद्यार्थीको टिम सहभागी छन् ।

श्रमिक माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष विवेक कार्कीको सभाध्यता तथा हेटौंडा उपमहानगरपालिकाका पूर्वमेयर हरिबहादुर महतको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन भएको छ । उद्घाटन कार्यक्रममा हेटौंडा ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, शैक्षिक गुणस्तर सुधार समिति, हेटौंडा-४ का अध्यक्ष श्रीराम दहाल, टोल विकास संस्था नगर समन्वय समितिका महासचिव शिवहरि दहाललगायतको आतिथ्य थियो ।

प्रतियोगिता अन्तर्गत शनिबार ७ खेल सम्पन्न भएको छ । बुद्ध मावि, हेटौंडा-१२ र माउण्ट एभरेष्ट बोर्डिङ स्कूल, हेटौंडा-८ बिच भएको उद्घाटन खेलमा बुद्ध मावि १-० गोलले विजयी भएको छ। दोस्रो खेलमा भुटनदेवी मावि, हेटौंडा-४ ले चुरियामाई मावि, हेटौंडा-१५ लाई १-० गोल अन्तरले पराजित गरेको छ । बंशगोपाल मावि, हेटौंडा-६ र गोरक्षनाथ मावि, हेटौंडा-१८ बिच भएको खेलमा ट्राइब्रेकरमा ६-५ गोल अन्तरले वंशगोपाल विजयी भएको छ ।

यस्तै, चौथो खेलमा हेटौंडा-१० स्थित तुलसीमेहर मेमोरियल माविले हेटौंडा-४ स्थित ब्रह्मदिक् एकेडेमीलाई २-१ गोलले पराजित गरेको छ । हेटौंडा-४ स्थित नवोदय शिशु सदन र हेटौंडा-२ स्थित ज्ञानोदय बालबाटिकाबिच भएको खेलमा नवोदय २-१ गोल अन्तरले विजयी भयो । शनिबार भएको पाँचौं खेलमा हेटौंडा-१२ स्थित बुद्ध माविले हेटौंडा-१८ स्थित ज्योति माविलाई २-० गोलले पराजित गर्दा हेटौंडा-४ स्थित भुटनदेवी माविले हेटौंडा-४ कै सत्यम् जेभियर्स माविलाई १-० गोलले पराजित गरेको छ।

प्रतियोगिताअन्तर्गत् आइतबारको पहिलो खेल युगचेतना मावि र वंशगोपाल माविबिच विहान ७:३० बजेबाट सुरु हुनेछ । हेटौंडा मोर्डन मावि र प्रगति माविबिच दोस्रो तथा आधुनिक राष्ट्रिय मावि र तुलसीमेहर माविबिच तेस्रो खेल हुनेछ। यस्तै, चौथो खेल चन्द्रोदय मावि र हेटौंडा एकेडेमी, पाँचौं खेल श्रमिक मावि र नवोदय शिशु सदन तथा छैटौं खेल तासिर बोर्डिङ र जनज्योति माविबिच हुनेछ । आइतबार खेल तालिकाबमोजिम अन्य खेलसमेत सञ्चालन हुने श्रमिक माविका खेल शिक्षक राजेश अधिकारीले जानकारी दिनुभयो ।

### प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगिताको

# फाइनल आज, मकवानपुर र ओमनगरबीच उपाधि भिडन्त

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा-४, हुप्रचौरमा सञ्चालन भइरहेको प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगिताको फाइनल खेल आज आइतबार हुँदैछ । फाइनल खेलमा मकवानपुर क्रिकेट क्लब र ओमनगर क्रिकेट क्लबबीच उपाधि भिडन्त हुने भएको छ।

मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा बिहीबार भएको पहिलो खेलमा जित निकाल्दै मकवानपुर क्रिकेट क्लब र दोस्रो खेलमा जित निकाल्दै ओमनगर क्रिकेट क्लबले फाइनलको यात्रा तय गरेको हो । पहिलो खेलमा मकवानपुर क्रिकेट क्लबले मकवानपुरगढीलाई ८ विकेटले हराएको थियो भने दोस्रो खेलमा कमाने क्रिकेट क्लबलाई ओमनगरले ३० रनले हराएको थियो ।

टस जितेर पहिले ब्याटिङ गरेको मकवानपुरगढीको टिमले निर्धारित २५ ओभरमा ९ विकेटको क्षतिमा १ सय २० रन बनाएको थियो । रितेश अधिकारीले ३८ रन बनाएका थिए भने सागर लामिछानेले ३७ रन बनाएका थिए। यस्तै, विनम्र अधिकारीले १३ रन बनाएका थिए । बलिङतर्फ मकवानपुर क्रिकेट क्लबका रामनरेश गिरीले सर्वाधिक ३ विकेट लिएका थिए। टिम कप्तान सुमन सुनार र शिवशक्ति महतोले समान २/२ विकेट लिएका थिए। म्यान अफ द म्याच सुमन सुनार घोषित भए ।

१ सय २० रनको लक्ष्य पछ्याएर जवाफी ब्याटिङमा उत्रिएको मकवानपुर क्रिकेट क्लबले १२ ओभरमा २ विकेट गुमाउँदै लक्ष्य भेट्टायो। तक्षक सिम्खडाले २२ रन, सुमन सुनारले १९ रन, इरफान अलीले १८ रन र विशेष थापाले १३ रन बनाएका थिए।

यस्तै, बिहीबार नै भएको दोस्रो खेलमा टस जितेर पहिले ब्याटिङ गरेको ओमनगरले निर्धारित २५ ओभरमा ६ विकेट गुमाएर १ सय ८० रन बनाएको थियो। गौरव खड्काले ५९ रन र रोहित ठाकुरले ४४ रन बनाएका थिए। जवाफी ब्याटिङमा उत्रिएको कमानेले निर्धारित २५ ओभरमा १ सय ५१ रन बनाउँदै अल आउट भयो ।

प्रतियोगितामा सहभागी भएका खेलाडीहरुमध्ये पहिलो चरणमा १८ जना खेलाडी छनोट गरेपछि १४ जनालाई प्रारम्भिक सूचीमा राख्ने क्यान मकवानपुरले जनाएको छ। छनोट प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने सर्वोकृष्ट खेलाडी, सर्वोकृष्ट ब्याट्सम्यान, सर्वोकृष्ट बलरलाई पनि ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । संजोक पोखरेलको संयोजनमा सञ्चालन भएको प्रतियोगितामा ६ वटा टिमहरुको सहभागिता रहेको थियो।

### पेट्रोलको मूल्य १ रूपैयाँ बढ्यो

# डिजल-मट्टीतेल ४ रुपैयाँ घट्यो

काठमाडौं : नेपाल आयल निगमले इन्धनको मूल्य समायोजन गरेको छ । पेट्रोलको मूल्य बढाएको छ भने डिजेल तथा मट्टीतेलको मूल्य घटाएको छ । शनिबार मध्यरातबाट लागू हुने गरी निगमले इन्धनको मूल्य समायोजन गरेको हो । नयाँ मूल्यअनुसार पेट्रोलको मूल्य प्रतिलिटर १ रुपैयाँ बढेको छ । डिजेल तथा मट्टितेलको मूल्य भने ४ रुपैयाँ घटेको छ ।

इन्डियन आयल कर्पोरेशनबाट शनिबार १५ फेब्रुअरी २०२५ मा प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा ५८ पैसा वृद्धि भएको छ भने डिजेल तथा मट्टीतेलमा प्रतिलिटर ३ रुपैयाँ ५९ पैसा घटेर आएको छ। सोहीअनुसार नयाँ मूल्य समायोजन गरिएको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक**


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

**ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
- थाईराईड
- क्यान्सर
- रक्तअल्पता
- वाथरोग
- बाँझोपन
- भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## आदरणीय वडावासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको सविधानको भाग ३, मौलिक हकको धारा ३९ मा बालबालिकाको हकसम्बन्धी व्यवस्था भएको स्थानीय सरकार सञ्चालन ऐन, २००४ तथा बालबालिकासम्बन्धी ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न। गराउनका लागि यो वडा तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर-किशोरीहरुले विवाह गरे गराएका दुबै पक्ष कानुन बमोजिम दण्डनीय भई उक्त २० वर्ष मुनिको विवाह दर्ता नहुने र स्वतः बदर हुने भएकाले आ-आृनो तर्फबाट सचेत भई अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनका लागि हार्दिक अनुरोध गर्दछौं ।


साथै १४ वर्ष मुनिका बालबलिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै मोटर ग्यारेज, होटेल, गिट्टी बलुवा ढुवानी आदि) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठानपाठन कार्यमा संलग्न गर्न, गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए गरेमा कानुन बमोजिम भई जाने व्यहोरा पनि जानकारी गराइन्छ ।

**नरनाथ सुवेदी, वडाध्यक्ष**
**एवम् १९ नम्बर कार्यालय**
**हेटौंडा उपमहानगरपालिका**



## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।



- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-

**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ